# कृष्णपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# कृषि विकास शाखा
गुलरिया, कञ्चनपुर, सुदुरपश्चिम प्रदेश, नेपाल

प.सं.२०८२/८३
च.नं.

ई-मेल : ito.krishnapurmun@mail.com
वेब साईट : krishnapurmun.gov.np


कृष्णपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गुलरिया, कञ्चनपुर
सुदुरपश्चिम प्रदेश

मिति : २०८२/०५/२२

## बिषय : सूचना । सूचना ।। सूचना ।।।

प्रस्तुत बिषय सम्बन्धमा कृषि ज्ञान केन्द्र कंचनपुरको मिति २०८२/०५/२० गते को प्रकासित सूचना अनुसार यस कृष्णपुर नगरपालिका का लागी तपसिल बमोजिमका स्वीकृत कार्यक्रमहरु लागतको ५० % अनुदानमा संचालन गर्नका लागी ईच्छुक कृषक, कृषि कार्यमा संलग्न कृषि फर्म, कृषि सहकारी, कृषि उद्यमि व्यवसायीहरुले मिति २०८२/०६/०९ गते भित्र कृषि ज्ञान केन्द्र कंचनपुर वा कृषि विकास शाखा कृष्णपुर मा आवेदन पेश गर्न हुन सम्बन्धित सवैको जानकारीका लागी यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

..........................
मान बहादुर के.सि.
प्रमुख प्रशासकिय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

तपसिल

| क्र.सं. | कार्यक्रम/ कियाकलाप | आवश्यक शर्त एवं विवरणहरु |
|---|---|---|
| १ | लसुन खेति प्रवर्द्धन कार्यक्रम | -व्यक्तिको हकमा कम्तिमा ५ कठ्ठा तथा समुह/सहकारीको हकमा कम्तिमा १ विगाहा क्षेत्रफलमा लसुन खेति गर्नुपर्नेछ ।<br>-लसुन शुन्य खनजोत प्रविधि बाट गनुपर्नेछ । |

| | | |
|---|---|---|
| २ | स्थानीय तह विशेष पकेट क्षेत्र विकास कार्यक्रम | -तरकारी बालीको (खुल्ला) हकमा व्यक्ति/फर्म को लागी कम्तिमा ५ कठ्ठा र समूह सहकारीको लागी कम्तिमा ५० कठ्ठा क्षेत्रफलमा खेति गर्नुपर्नेछ ।<br><br>-तरकारी बालीको (संरक्षित संरचनाको हकमा व्यक्ति/फर्म को लागी कम्तिमा ३०० वर्गमिटर र समुह सहकारीको लागी कम्तिमा ३००० वर्गमिटरमा खेति गर्नुपर्नेछ ।<br><br>-परवल खेति गर्ने कृषक र समुहलाई विशेष प्राथमिकता दिईनेछ । |

**आवश्यक कागजातहरु :**

१. रु.१० को टिकट सहित अनुसूचि - ०५ बमोजिमको ढाचाँमा प्रस्ताव फाराम पुर्ण रुपमा भरेको विवरण १ प्रति र १ बर्षे कार्ययोजना सहित ।

२. आधिकारिक व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

३. कृषक समुह/कृषि सहकारी, कृषि फर्म/संस्था दर्ता, नविकरण स्थायि लेख दर्त्ता नं.(PAN) र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि, समूह सहकारीको हकमा आधिकारिक निर्णयको प्रतिलिपि ।

४. सम्बन्धित वार्ड, स्थानिय तह कृषि विकास शाखाबाट संचालन गरिने कार्यक्रममा देहोरोपना नहुने तथा कार्यक्रम संचालनका लागी आवश्यक सहयोग एवं सहजिकरण गरिने व्यहोराको सिफारिस पत्र ।

५. कार्यक्रम संचालन हुने स्थान (खेति गरिने जग्गा /जमिन) को स्वामित्व खुल्ने कागजात (जग्गाधनी पुर्जा, ऐलानीको हकमा भोगचलनको सिफारिस वा निस्सा) तथा भाडाको जग्गा भएमा कम्तीमा ५ बर्षको सम्झौतापत्र को प्रतिलिपि ।

६. प्रस्ताव पेश गर्न लाग्ने राजस्व दस्तुर ( रु.१ लाख सम्म निशुल्क, रु.५ लाख सम्म रु.३००।-, रु.५ लाख भन्दा बढि रु.१०००।-)